


PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

epratekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर १९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 05 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ९९

## १४ अर्ब लगानीमा उत्पादनमूलक साझेदारी कार्यक्रम सञ्चालन हुने –प्रमुख रिमाल

प्रस, रौतहट, १८ मङ्सिर/

कृषि तथा पशुपक्षी विकास मन्त्रालय, ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनामा आर्थिक कोरिडोर कार्यालय बर्दिबास, महोतरीका प्रमुख डा चन्द्रप्रसाद रिमालले आयोजनाका प्रमुख कार्यहरू, आयोजनाको कार्य क्षेत्र, आयोजना लागू हुने स्थानीय तहहरू, आयोजनाको संरचनागत व्यवस्था, आयोजनाको निर्देशक कार्यालय, आयोजनाका लाभग्राहीहरूबारेमा विस्तृत जानकारी गराएका थिए ।

उनले १४ अर्ब नेपाली रुपैयाँमा उत्पादनमूलक साझेदारी कार्यक्रम सञ्चालन हुने बताए । २०७७ चैत ६ गतेदेखि शुरू भई पाँच वर्षसम्म सञ्चालन रहने उनले बताए। २४ हजार किसानलाई पूरक अनुदान दिने उद्देश्य रहेको बताउँदै छ करोड रुपैयाँमा विभिन्न सहकारी, समूह, संस्थालाई सहयोग गर्ने लक्ष्य रहेको बताए। कृषि भवन तथा कृषि बजारका लागि नगरपालिकाले जग्गा उपलब्ध गराए आर्थिक कोरिडोर कार्यालय, बर्दिबासले भवन निर्माण गर्न बजेटको व्यवस्था मिलाउने उनले बताए ।



तस्वीरः प्रतीक

कार्यक्रममा गौर नगरपालिकाका प्रमुख अजयकुमार गुप्ताले पशु भवनको लागि जग्गा उपलब्ध गराइ भवन निर्माण गर्न आफू अग्रसर रहने बताए। रौतहट जिल्ला बाढीपीडित जिल्ला रहेकोले प्रत्येक वर्ष किसानलाई मर्का पर्दै आएको उनले बताए। यस आयोजनाको कार्यक्रमबाट नगरवासीले धेरैभन्दा धेरै उपलब्धि हासिल गरून् भने आशा र विश्वास लिएको उनले बताए ।

यसैगरी, मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साहले आफ्नो पालिकामा पालिका कार्यालयले १४ बिघा जग्गा खरीद गरेकोले भवन बनाउन जग्गाको अभाव नरहेको बताइन् ।

जिल्ला समन्वय समिति, रौतहटका सभापति रामएकबाल राय यादवले आयोजनालाई धन्यवाद तथा शुभकामना व्यक्त गरे ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ प्रदेश नं २ का कार्यसमिति सदस्य शैलेन्द्र झा, भेटेरिनरी अस्पतालका प्रमुख रामपवित्र दास, कृषि ज्ञान केन्द्र, गौरका अधिकृत अशोककुमार सिंहलगायत स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत तथा सम्बन्धित फाँटका कर्मचारीहरूको सहभागिता थियो ।

## कुलमान घिसिङसँग वीउवासङ्घको अन्तर्क्रिया

प्रस, वीरगंज, १८ मङ्सिर/

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताको अध्यक्षतामा सङ्घको सभाकक्षमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ्गसँग अन्तर्क्रिया भएको छ ।

शनिवार आयोजित अन्तर्क्रियामा सङ्घका अध्यक्ष गुप्ताले नेपालमा विद्युत्को प्रतियुनिट मूल्य दक्षिण एशियाका अन्य मुलुकभन्दा बढी भएको, वर्षौं पुराना विद्युत् पूर्वाधारलाई परिमार्जन गर्नुपर्ने, विद्युत्का पुराना भौतिक पूर्वाधारले यस क्षेत्रको औद्योगिकीकरणको गतिलाई अवरुद्ध गरेको, गुणस्तरीय विद्युत् आपूर्तिको अभाव, समय–समयमा ट्रिपिङले समस्या सिर्जना गरिरहेकाले शीघ्र व्यवस्थापन गर्न आग्रह गरे ।

उनले ट्रान्समिशन लाइनहरूको मर्मत सम्भार र नयाँ ट्रान्समिशन लाइन जडान गर्न कार्यकारी निर्देशक घिसिङको ध्यानाकर्षण पनि गराए ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले गुणस्तरीय विद्युत् आपूर्तिका लागि आवश्यक पूर्वाधार, ट्रान्समिशन लाइन ३३ केभिए लाइनलाई १३२ केभिएमा परिवर्तन गर्ने र विद्युत्को माग भएबमोजिम विद्युत् सप्लाई गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।



तस्वीरः सौजन्य

उनले मुलुकमा ६० प्रतिशत विद्युत् आपूर्तिलाई ९० प्रतिशतमा पुर्याउने बताउँदै अहिले पनि कतिपय ठाउँमा २४सैं घण्टा लोडसेडिङ रहेको बताए। उनले त्यस्ता ठाउँमा विद्युत आपूर्ति गर्ने नेपाल विद्युत् प्राधिकरणलाई चुनौती रहेको बताए ।

कार्यक्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवालले धन्यवाद व्यक्त गरेका थिए भने नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश नम्बर २ का अध्यक्ष गणेशप्रसाद लाठ, सङ्घका पूर्व अध्यक्ष प्रदीपकुमार केडिया, उपाध्यक्ष माधव राजपाल, नेपाल विद्युत् प्राधिकरण प्रदेश नं २ प्रमुख, नेपाल विद्युत् प्राधिकरण वीरगंजका प्रमुखलगायतको सहभागिता थियो ।

## रेडियो वीरगंजको वार्षिकोत्सवमा ३४१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १८ मङ्सिर/

वीरगंजबाट प्रसारित रेडियो वीरगंजको वार्षिकोत्सवमा शनिवार आयोजित रक्तदान कार्यक्रममा २५ जना महिलासहित ३४१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।



तस्वीरः प्रतीक

कार्यक्रममा सांसद प्रदीप यादवले रेडियो वीरगंजले सञ्चार क्षेत्रमा छुट्टै पहिचान बनाएको बताए ।

रक्तदान कार्यक्रमको शुभारम्भ गर्दै पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले रेडियो वीरगंज मध्यतराईका जनताको ढुकढुकी भएको दाबी गरे । जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेतले रेडियो वीरगंजको छुट्टै पहिचान रहेको र रक्तदान कार्यक्रम ऐतिहासिक भएको दाबी गरे ।

रक्तदान कार्यक्रममा किरण आँखा अस्पतालले निश्शुल्क आँखा परीक्षण गरेको थियो ।

कार्यक्रममा डा उदयनारायण सिंह, राजेश मिश्र, भूषण यादव, रञ्जीत यादव, प्रकृति अधिकारी, लालझरी देवी, प्रेम पटेल, शैलेश गुप्ता शिवशङ्कर मिश्र, शिवकुमार दास, सञ्जयकुमार चौहान, रञ्जीत साह तेली, रामजीप्रसाद कुशवाहा, किसमान तामाङ, भोला ठाकुर हजाम, सुमन थापा, ओमप्रकाश कुर्मी, लक्ष्मीना पटेल, बृजलाल पासवान, पूनमबहादुर श्रेष्ठ, कौशल्यादेवी राय, गम्भीरा साह, वीरेन्द्र कुशवाहा, सुरेन्द्र यादव, सागरकुमार कलवार, राजन गिरी, नवीनकुमार सिंह, शशिलाल, अभिषेकलाल जोशी, राजुप्रसाद साह, अभिषेक पाण्डे, गणेशबहादुर श्रेष्ठ, प्रवीण महतो, सञ्जु कोइराला, अविनाश झा, रेखा तिवारी, राजदेवी श्रेष्ठ, अञ्जु साह कानू, इमामुल हवारी, देवीमाया सिवाकोटी, पूजादेवी साह, नीतु यादव, नीतु पौडेल, अमित गिरी, सुस्मिता स्याङतान, विपना थिङ, किरण गुप्ता, आकाश पटेल, प्रमिला साह, दीपा प्रजापति, सुनील पण्डित, रानीदेवी श्रीवास्तव, राजीव पटेल, राकेशकुमार साहलगायतले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेयले बताए ।

## ठोरीका आगलागी पीडितलाई रेडक्रसको राहत

प्रस, ठोरी, १८ मङ्सिर/

विद्युत् लाइन सर्ट भएर शुक्रवार राति ठोरी गाउँपालिकामा एक घर जलेर नष्ट भएको छ । ठोरी गापा–१ दीपकनगरमा विद्युत् सर्ट भई आगजनी भएको थियो ।


तस्वीरः प्रतीक

छिमेकी घरमा पूजाको प्रसाद खान गएको बेलामा ठोरी गापा–१ दीपकनगर निवासी डालुमाया कुँवरको घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ। राति १२ बजेको समयमा विद्युत् सर्ट भई आगलागी भएको पीडित कुँवरले बताइन् ।

आगलागीबाट एक तोला सुन, तीन तोला चाँदी, ४० मुरी धान, परिवारका सदस्यका नागरिकता, लालपुर्जा, बाख्रा, कुखुरा, पराल, खाट, कुर्सीलगायत ४० वटा कडीसमेत जलेर नष्ट भएको पीडित कुँवरले बताइन्। आगलागीबाट साढे ६ लाख मूल्यबराबरको क्षति भएको बताइएको छ ।

आगलागी पीडित परिवारलाई नेपाल रेडक्रस सोसाइटी, ठोरी शाखाले राहत उपलब्ध गराएको छ । नेरेसो, ठोरी शाखाका उपसभापति कृष्णगोपाल कुँवरले भाँडाकुँडा, चारवटा कम्बललगायत राहतका सामग्री दिएको बताए ।

## ट्याक्टरले च्यापिएर एकजनाको मृत्यु

प्रस, पंचगावाँ, १८ मङ्सिर/

पटेर्वासुगौली गाउँपालिका–२ चाफीमा ट्याक्टरले च्यापिएर एकजना युवाको मृत्यु भएको प्रहरीले जनाएको छ । बालुवा लोड ना.५त ४१०८ नम्बरको ट्याक्टरको टेलरको बेरिङ बनाइरहेको अवस्थामा ज्याक थिचिएपछि टेलरमा च्यापिएर ट्याक्टर साहु पटेर्वासुगौली गापा–२ रङ्गपुर बस्ने वर्ष ३५ को साबिर खानको घटनास्थलमैं मृत्यु भएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामकाजी थापाले बताए ।




विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च रोकौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विचारसार र सूक्तिहरू

**जीवनको नियम यही हो, उचितलाई ग्रहण गर र अनुचितलाई त्याग गर। मन, वचन र क्रियामा सत्यको आश्रम नै दुनियाँको अनमोल निधि र जीवनको सर्वोपरि नियम हो।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# शिष्यत्व छ भने गुरुकृपा सहजै सम्भव छ

अध्यात्म क्षेत्रमा गुरुको महत्त्व सर्वोपरि मानिएको छ। गुरु मानव मनको मर्मज्ञ, जीवन र सृष्टिको रहस्यका ज्ञाता तथा ईश्वरीय चेतनाको हिंड्डुल गर्ने संवाहक हुन्। उनको व्यक्तित्व विशाल वटवृक्षसरह हुन्छ, जसको शीतल छायामा आएर सन्तप्त शिष्यले अन्तस्को शान्ति र समाधान पाउँछ। गुरुको दैवीय संस्पर्शलाई पाएर शिष्यको जीवनमा गहनतम स्तरमा रूपान्तरण घटित हुन्छ।

**आध्यात्मिक जीवनमा गुरुको आवश्यकता पाइला-पाइलामा पर्छ। ईश्वरतर्फ बढ्ने मार्ग गुरु नै भएको देखिन्छ। गुरु मानव चेतनाका मर्मज्ञ हुन्। अतः उनले शिष्यलाई प्रकृतिको अनुरूप साधना-मार्ग देखाउँछन्।**

यहाँ गुरुको स्वरूप अलौकिक क्षेत्रभन्दा भिन्न हुन्छ। गुरु शिष्यको लागि आध्यात्मिक आदर्शको प्रतीक र ईश्वरीय चेतनाको संवाहक र प्रतिनिधि हुन्छ। उनले केवल आफ्नो उपस्थिति एवं आचरणद्वारा शिष्यलाई मार्गदर्शन गर्छन्। साथै आफ्नो तप, पुण्य र शक्तिको एउटा अंश दिएर शिष्यको साधनालाई गति दिन्छन्।

तात्त्विकरूपमा गुरुतत्त्व सर्वव्यापी चेतनाको प्रतीक हुन्छ तर व्यावहारिकरूपमा उनी ईश्वरका प्रतीक, प्रतिनिधि एवं साक्षात् ईश्वरस्वरूप हुन्छन्। शिष्यको लागि उनी शिवसमान हुन्छन्, जसले उनको अन्तर्निहित शक्तिको जागरण गरेर शिवत्वतर्फ बढ्ने मार्ग प्रशस्त गर्छ। आश्चर्य छैन, जब सन्त कबीर भन्दथे–

**गुरु गोविंद दोऊ खडे, काके लागूँ पायँ।**

**बलिहारी गुरु आपकी, जो गोविंद दियो मिलाय॥**

यहाँ भगवान्सँग परिचय एवं मिलन गराउने गुरुलाई भगवान्भन्दा पनि ठूलो दर्जा दिइएको छ।

आध्यात्मिक जीवनमा गुरुको आवश्यकता पाइला-पाइलामा पर्छ। ईश्वरतर्फ बढ्ने मार्ग गुरु नै भएको देखिन्छ। गुरु मानव चेतनाका मर्मज्ञ हुन्। अतः उनले शिष्यलाई प्रकृतिको अनुरूप साधना-मार्ग देखाउँछन्। असीम धैर्य एवं करुणाको साथ शिष्यलाई सम्हाल्छन्। तर जहाँ आवश्यकता पर्छ, त्यहाँ शिष्यको विकृतिको शोधनको लागि कठोर प्रहार गर्नबाट पनि चुक्दैनन्।

यस रूपमा गुरु एकजना कुम्हालेसरह भित्रबाट सहारा दिएर बाहिरबाट ठोकेर-पिटेर शिष्यलाई सम्याउँछन् र कसौटीमा कसेपछि खरो उत्रेपछि शिष्यलाई आफ्नो दिव्य अनुदानबाट निहाल गर्छन्। आफ्नो तप र पुण्यको अंश आरोपित गर्दै उसको साधनालाई गति दिन्छन्।

एक योग्य शिष्य पनि आफ्नो श्रद्धा, साधना एवं समर्पणद्वारा आरोपित बीउलाई पुष्पित-पल्लवित गर्न कुनै कसर छाड्दैन। एक दिन यस्तो आउँछ, जब गुरु र शिष्यको भेद नै समाप्त हुन्छ। गुरु शिष्यको अन्तःकरणमा, सद्गुरु बनेर प्रकट हुन्छन्, तर यो परिवर्तन अचानक हुँदैन। अगणित परीक्षामा खरो उत्रिँदै एउटा लामो अन्तरालपछि यो पावन क्षण आउँछ।

शिष्यको साधनामा असली गति यसपछि नै आउँछ, तर गुरुको कृपा यति सहज पनि हुँदैन। कसौटीमा कस्दै पहिले शिष्यलाई आफ्नो पात्रता सिद्ध गर्नुपर्छ। शिष्य तयार हुनु पनि अत्यन्त महत्त्वपूर्ण हो। यदि शिष्य तयार छ भने गुरुलाई प्रकट हुन बेर लाग्दैन- यो आध्यात्मिकजगत्को शाश्वत सिद्धान्त हो। प्रचलित छ कि जसरी खेत तयार हुन्छ, प्रकृतिले जोत्नको लागि किसानलाई पठाउँछ। शिष्य तयार छ भने गुरु स्वयम् खोज्दै ढोकामा पुग्छन्, अन्यथा विनापात्रताको आजीवन भटकिए पनि सच्चा गुरुको दर्शन हुन सक्दैन।

गुरुको दैंलोमा जानुभन्दा पहिले, उनको कृपाको पात्र बन्नुभन्दा पहिले हृदयलाई छाम्नुपर्छ कि के हामी शिष्यत्वको मनोभूमिको लागि हौं। शिष्य अर्थात् जो अस्तित्वको अन्तरतम रहस्यलाई जान्नको लागि आकुल छ एवं जो यस ससीम-नश्वर अस्तित्वमा शाश्वत सत्यलाई उतार्ने अभीप्साले भरिएका छन् र यसलाई साकार गर्नको लागि स्वयम्लाई तपाउन, गलाउन र मेटाउन तयार छ। बाटो जतिसुकै लामो किन नहोस्, त्यसमा असीम धैर्यको साथ हिंड्नको लागि तयार हुनुपर्छ।

शिष्यको मनोभूमि तयार हुने बित्तिकै यसमा बीजारोपण गर्ने गुरु आउने सुनिश्चित छ। जबसम्म यो पुण्यको घडी आउँदैन, तबसम्म शिष्यको एकमात्र कर्तव्य हुन्छ, आफ्नो चित्त शोधन गर्दै आफ्नो पात्रताको विकास गरिराख्नुपर्छ। उसको इमानदार प्रयास-पुरुषार्थको चरममा ईश्वरीय कृपया सद्गुरूको रूपमा प्रकट नहुने कुरै छैन। उनी प्रकट हुने उत्तिकै सुनिश्चित छ, जति अँध्यारो रातपछि सूर्य उदाउँछ। यसैले शिष्यत्वलाई विकसित गर्ने प्रयत्न गर्नुपर्छ।

स्वामी दयानन्दले दुई साँडे आपसमा लडिरहेको देखे। दुवै साँडेको सिङलाई स्वामीले समातेर बटार्दै दुई दिशामा फाले। साँडे डराएर भागे। यस्तै, अर्को घटना छ। स्वामी दयानन्द शाहपुरामा बसिरहेका थिए। त्यस घरको नजीकै एउटा नयाँ घर बनिरहेको थियो। एक दिन अकस्मात् निर्माणाधीन भवनको छत भत्कियो। धेरैजना त्यस खण्डहरमा नराम्ररी फसे।

उनीहरू कराइरहेका थिए र आफू जीवित भएको सूचना दिंदै दिए। भग्नावशेषको डरलाग्दो दृश्य देखेर कोही पनि उद्धार गर्न तयार भएनन्। स्वामी पनि त्यहाँ पुगे र वस्तुस्थिति बुझेपछि उनी अगाडि बढे। आफ्नो एकाकी भुजाबलले उनले विशाल शिलालाई हटाए, जसको तलतिर मान्छेहरू थिचिएका थिए। त्यहाँ वरपर रहेका व्यक्तिहरू उनको शारीरिक शक्तिको परिचय देखेर जयजयकार गर्न थाले। उनले सबैलाई शान्त गर्दै सम्झाए- यो शक्ति कुनै अलौकिक वा चमत्कारिकता प्रदर्शनको लागि तपाईंहरूलाई देखाएको होइन। वस्तुतः संयमको साधना गर्ने हरेक मनुष्यले आफूभित्र यस्तै विलक्षण शक्तिको विकास गर्न सक्छ।

# कृषिप्रधान अर्थतन्त्रमा कृषिकै कन्तबिजोग

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**कृषि उपजको आयातमा कर र राजस्व घटबढको चलखेल गरेर होइन, आन्तरिक उत्पादनको लागत नै घटाएर कृषिलाई सापेक्ष प्रतिस्पर्धी बनाइनुपर्दछ। यसो हुन सके मात्रै कम्तीमा अहिलेका लागि कृषि क्षेत्र अर्थतन्त्रको बलियो आधारस्तम्भ बन्न सम्भव हुनेछ।**

नेपालको कुल जनसङ्ख्यामध्ये ६० प्रतिशतभन्दा बढी कृषि पेशामा आबद्ध छन् भनिन्छ। कृषिमा संलग्न जनशक्ति र उत्पादकत्व बर्सेनि घट्दो छ। खुम्चिंदो आँकडामैं भएपनि अहिलेसम्म कुल गार्हस्थ उत्पादनमा योगदान भने कृषिको नै बढी देखिन्छ।

करीब दुई तिहाइ जनशक्ति संलग्न रहेको यो क्षेत्रले अहिले कुल गार्हस्थ उत्पादनमा २५ प्रतिशतको हाराहारीमा योगदान दिइराखेको सरकारी तथ्याङ्क छ। तर कृषिमा आधारित अर्थतन्त्रमा कृषिले खाद्यान्न आपूर्तिको आधारभूत माग पनि पूर्ति गर्न सकेको छैन। बर्सेनि दुई खर्ब रुपियाँ जतिको खाद्यान्न आयात नहुने हो भने कृषिप्रधान देशका जनताको भोक टार्न सम्भव छैन।

सरकारले दुई वर्षभित्रै आधारभूत खाद्यान्नको उत्पादनमा आत्मनिर्भर हुने योजना सार्वजनिक गरेकै चार वर्ष बितिसकेको छ। यसबीचमा बिहान-बेलुका नभई नहुने आधारभूत खाद्यान्नको आयातको परिमाण भने वर्षैपिच्छे बढेको छ। नेपालले उठाउँदै आएको व्यापार घाटामा खाद्यान्न आयातको अंश पनि मुख्य छ।

कृषिलाई अर्थतन्त्रको मेरुदण्ड मानिए पनि यो क्षेत्रमा कति पनि आकर्षण छैन। कृषि कार्यमा लगानी बढी, उपलब्धि कम भएपछि कृषियोग्य जमीन बाँझो छोडेर यहाँको जनशक्ति विदेशी भूमिमा पसिना बगाउन पुगिराखेको छ। विदेशबाट भित्रिएको विप्रेषणले खाद्यान्न भित्र्याएर नेपालीको भोक समाधान भइराखेको छ।

धेरै होइन, २५-३० वर्षअघिसम्म नेपालबाट खाद्यान्न निकासी हुन्थ्यो। खाद्यवस्तु निर्यातका लागि सरकारले धान चामल कम्पनी नै खडा गरेको थियो। अहिले वर्षैपिच्छे बढ्दो परिमाणमा आयात हुने खाद्यान्न, तरकारी, फलफूल, दलहनलगायतका खाद्यान्नले कृषिप्रधान देशको दैनिकी कतातिर गइराखेको छ भन्ने प्रस्ट हुँदैन र?

नेपालको जनसङ्ख्यालाई कृषि क्षेत्रको अवसरले धान्न सक्दैन भनिन्छ। विश्व बजारमैं कृषि उत्पादनको लागत बढ्दै गइराखेको छ। विकसित देशहरूले कृषिमा ठूलो मात्रामा अनुदान दिएर यसलाई घटाएर आफूलाई प्रतिस्पर्धी बनाउन सकेका छन्।

निकट छिमेकी भारतमैं हेरौं, त्यहाँ किसानलाई मात्र होइन, कृषिसँग जोडिएका उद्यम व्यवसायलाई पनि अनुदान दिइएको छ। हामीकहाँ भने खेतीको सिजनमा किसानले किन्छु भन्दा पनि मल र बीउ पाउँदैनन्। यस्तोमा कस्तो खालको कृषि उत्पादन र त्यसका आधारमा कस्तो अर्थतन्त्रको कल्पना गर्न सकिएला?

खुला सिमानाबाट अनुदान प्राप्त सस्तो उत्पादन भित्रिंदा नेपाली किसानले उत्पादनको सही मूल्य पाएका छैनन्। सरकारले समर्थन मूल्य तोके पनि खरीद गरिदिएको छैन। लागत बढी, तर उत्पादन र प्रतिफल कम हुँदा कृषिबाट किसानको मोह भङ्ग हुँदै गएको छ। खाद्यान्न फल्ने खेतीयोग्य जग्गामा अब कृषि कर्म होइन, प्लटिङ व्यवसाय मौलाएको छ।

विकसित देशले कृषिमा निर्भर जनसङ्ख्याको भार घटाउँदै लगेका छन्। चीन र भारतले यसमा निकै सुधार गरिसकेका छन्। हामीकहाँ पनि सतहीरूपमा तथ्याङ्क हेर्दा यो आकारमा कमी आएको देखिन्छ। तर कृषिबाट विस्थापित जनशक्ति स्वदेशमैं अन्य उत्पादनका क्षेत्रमा लागेको भए त्यसलाई मात्र सकारात्मक मान्न सकिन्थ्यो।

उत्पादन क्षेत्रको योगदान हेर्ने हो भने अहिले कुल गार्हस्थ उत्पादनको अनुपातमा पाँच प्रतिशतको हाराहारीमा छ। गार्हस्थ उत्पादनमा उत्पादनको आकार पनि बर्सेनि खिइँदै गएको छ। जनशक्तिले आन्तरिक उत्पादनलाई होइन, बाह्य रोजगारलाई सहज माध्यम बनाएको छ। यसले अर्थतन्त्रमा आयात र उपभोगको आकार बढेको छ।

प्रतिवर्ष आयात व्यापार बढेको छ। आयात बढ्नु भनेको जनताको आय र उपभोग क्षमता बढ्नु पनि हो। तर यस्तो उपभोग आन्तरिक उत्पादनमा आधारित हुन सकेको भए उत्साहित हुन सकिन्थ्यो। आयातलाई घटाएर आन्तरिक उत्पादनलाई कसरी प्रोत्साहन गर्न सकिन्छ भन्नेमा गर्न सकिने जति काम पनि हुन सकेको छैन। नेपालसँगै विकासमा अघि बढेका देशले उत्पादनमा आधारित अर्थतन्त्रलाई उदाहरणीयरूपमा अघि बढाइराख्दा हामी भने उत्पादनका मामिलामा झन् पछाडि फर्किएका छौं।

यसो त, २०४६ सालको राजनीतिक परिवर्तनपछि निजी क्षेत्र जुन रूपमा उद्यम व्यापारमा अगाडि आयो, यो सकारात्मक कुरा थियो। लगत्तै शुरू भएको राजनीतिक अस्थिरताले त्यो उत्साहलाई लामो समय टिक्न दिएन। विभिन्न आवरणमा देखिएका अस्थिरताले देशको तीन दशक समय सिध्याएको छ। अहिले पनि स्थिरताको अपेक्षामा अस्वाभाविकरूपमा प्रहार भइराखेकै छ। लगानीकर्ता अहिले पनि पर्ख र हेरको मनस्थितिमा रहनु यसैको उपज हो।

देश राजनीतिक अस्थिरता र अन्योलमा जेलिंदा आर्थिक सरोकारहरू प्राथमिकतामा पर्दैनन्। अपवादबाहेक अहिले नेपालको निजी क्षेत्र नाफा कमाउन होइन, घाटा जोगाउन काम गरिराखेको छ। राजनीतिले सापेक्ष र स्वाभाविक आर्थिक गतिविधिको प्रवर्द्धन गर्न सकेको छैन। शासकहरूले सीमित दलाल पूँजीवादलाई प्रवर्द्धन गरिराखेका छन्। यसले राजनीतिलाई आसेपासे पूँजीवादको दलाल बनाइराखेको छ। अन्ततः यसले आर्थिक अराजकता बढाएर प्रहार गर्ने भनेको त अर्थतन्त्र र आम जनताको दैनिकीमैं हो।

अहिले औसत उत्पादनका आयामहरूमा भारतीय सरकारले लिने कर नीति र छिद्रको फाइदा उठाएर निकासी गर्ने प्रवृत्ति देखिएको छ। अर्काथरी उद्योग संरक्षणको आवरणमा भन्सारमा उच्च महसूलको छेको लगाएर उपभोक्ताको शोषण गर्नुलाई आत्मनिर्भरता भन्दै आत्मरतिमा रमाएका मात्र छैनन्, कुस्त कमाएका पनि छन्।

निर्माण सामग्रीका उत्पादनमा भन्सारमा लगाइएको चर्को महसूलको छेकबार हटाइयोस्, अनि कुन उद्योग कति आत्मनिर्भर छ वा संरक्षणको आवरणमा उपभोक्ताको शोषण मात्र भन्ने छर्लङ्ग हुन्छ। खासमा स्वदेशी उद्योग संरक्षणको नाममा उपभोक्तालाई चुस्ने तारतम्य मिलाइएको छ। अर्थतन्त्रको एक मुख्य हिस्सा उपभोक्तालाई बेवास्ता गरेर कस्तो अर्थतन्त्र निर्माण गर्न लागिएको हो? यो प्रश्नको सापेक्ष समाधान निकाल्नुमैं सार्थक र सबल अर्थतन्त्र निर्माणको आधार तय हुनेछ।

सरकार र निजी क्षेत्र दुवैलाई यो उपाय सहज आयको माध्यम बन्दासम्म मौलिक उत्पादनमा आधारित अर्थतन्त्रको आधारसमेत बन्न सम्भव छैन। स्वदेशी कच्चा पदार्थ र स्रोतमा आधारित उत्पादनको नीति कागजमा सीमित भएको छ। नेपालको बहुसङ्ख्यक जनशक्ति कृषिमा छ भनिन्छ, तर कृषिमा आधारित उद्यम प्रवर्द्धन हुन सकेको छैन।

यसमा सरकारी नीतिको कमजोरी त छँदैछ, निजी क्षेत्र पनि यसमा कम जिम्मेवार छैन। भारतले तेलको आयातमा सीमा शुल्क बढाएपछि हामीकहाँ तेल र घ्यू उत्पादनमा लगानी बढ्छ। कच्चा तेल भित्र्याएर नाम मात्रको प्रशोधन गरी भारततिर निकासी गरेर कमाउने मौका पाउँदासम्म मख्ख परेको निजी क्षेत्र भारतीय नीति फेरबदलले निकासी रोकिने अवस्था आएपछि बल्ल लगानी जोखिममा परेको चाल पाउँछ। र छुट र सहुलियतको आलाप अलाप्न थाल्छ।

कृषि क्षेत्र उपेक्षामा भएर पनि अहिलेसम्म अर्थतन्त्रको मूल आधार बनेकै छ। अहिले निर्वाहसमेत नभइरहेको कृषि क्षेत्रलाई उद्यमको रूपमा अघि बढाउने हो भने मात्रै हाम्रो अर्थतन्त्र सही बाटोमा हिंड्न सक्छ। कृषि कर्मलाई उद्यमसँग कसरी जोड्ने? यो चुनौतीको समाधान सबल अर्थतन्त्र निर्माणको प्रस्थानबिन्दु बन्न सक्छ।

अहिले कृषि उत्पादन, भण्डारण, प्रशोधन क्षेत्रमा समन्वय र सन्तुलनको चरम अभाव देखिएको छ। कृषि कर्म र यसमा आधारित उद्यममा यस्ता कैयौं विरोधाभासहरू छन्, जसको समाधान नभई कृषिलाई व्यावसायिक बनाउन सकिन्न। कृषि कार्यमा एकाध उपकरणको प्रयोग गरिनु कृषिको व्यवसायीकरण होइन। कृषि उत्पादनको लागत कटौती, प्रशोधन र यसलाई औद्योगिक उत्पादनमा लगेर प्रतिस्पर्धी बनाए मात्रै कृषि क्षेत्र प्रतिस्पर्धी बन्न सम्भव हुन्छ।

कृषि उद्यमको विकास र विस्तार भए कृषि उत्पादनको माग बढेर जान्छ। कृषि कर्म र उत्पादनलाई एउटा अविछिन्न शृङ्खलाको रूपमा स्थापित गरिनुपर्दछ। कृषि उपजको आयातमा कर र राजस्व घटबढको चलखेल गरेर होइन, आन्तरिक उत्पादनको लागत नै घटाएर कृषिलाई सापेक्ष प्रतिस्पर्धी बनाइनुपर्दछ। यसो हुन सके मात्रै कम्तीमा अहिलेका लागि कृषि क्षेत्र अर्थतन्त्रको बलियो आधारस्तम्भ बन्न सम्भव हुनेछ।

# २३ बैंकले गरे लाभांश घोषणा : कसको कति ?

काठमाडौं, १८ मङ्सिर/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत २६ वाणिज्य बैंकमध्ये हालसम्म २३ बैंकले गत आर्थिक वर्षको नाफाबाट लगानीकर्तालाई लाभांश दिने घोषणा गरेका छन्।

बैंकहरूले गत आवको वितरण योग्य नाफाबाट नगद तथा बोनस शेयरका लाभांश दिने घोषणा गरेका हुन्। लाभांश घोषणा गरेका बैंकमध्ये केहीका साधारणसभा सम्पन्न भएर लाभांश वितरणको निर्णयसमेत पारित भइसकेका छन् भने केही बैंक साधारणसभाको तयारीमा छन्।

सार्वजनिक पछिल्लो तथ्याङ्क अनुसार नबिल बैंकले सबैभन्दा धेरै लाभांश वितरण गर्ने जनाएको छ। नबिलले ३३ दशमलब छ प्रतिशत बोनस शेयर तथा चार दशमलव चार प्रतिशत नगद गरी कुल ३८ प्रतिशत लाभांश वितरण गर्ने भएको छ। गत आवको वितरण योग्य नाफाका आधारमा नेपाल एसबिआई बैंकले सबैभन्दा कम तीन दशमलव पाँच प्रतिशत बोनस शेयर र एक दशमलव ८१ प्रतिशत नगद गरी जम्मा पाँच दशमलव ३१ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको छ।

त्यस्तै, हिमालयन बैंकले आफ्ना




लगानीकर्तालाई २१ दशमलव ३८ प्रतिशत बोनस शेयर तथा चार दशमलव ६२ प्रतिशत नगद गरेर २६ प्रतिशत लाभांश दिने भएको छ। सानिमा बैंकले १७ प्रतिशत बोनस तथा शून्य दशमलव ८९४७ प्रतिशत नगदसहित १७ दशमलव ८९४७, नेपाल बैंकले १४ प्रतिशत बोनस तथा तीन प्रतिशत नगदसहित १७ प्रतिशत, प्राइम कमर्सियल बैंकले १६ प्रतिशत बोनस तथा शून्य दशमलव ६३१३ प्रतिशत नगद गरी कुल १६ दशमलव ६३१३ प्रतिशत लाभांश दिने घोषणा गरेका छन्। नेपाल इन्भेस्टमेन्ट बैंकले १२ दशमलव ६११ प्रतिशत बोनस तथा तीन दशमलव ३८९ प्रतिशत नगदसहित १६ प्रतिशत, सिटिजन्स बैंकले १२ दशमलव ९१३ बोनस तथा तीन दशमलव शून्य ८७ प्रतिशत नगद गरेर १६ प्रतिशत लाभांश वितरण गर्ने बताएका छन्।

लाभांश घोषणा गरेको एनएमबी बैंकले आफ्ना शेयरधनीलाई १२ दशमलव पाँच प्रतिशत बोनस शेयर तथा तीन दशमलव तीन प्रतिशत नगदसहित १५ दशमलव आठ प्रतिशत, एनआइसी एशिया बैंकले १५ प्रतिशत बोनस र शून्य दशमलव ७८९५ प्रतिशत नगद गरी १५ दशमलव ७८९५, नेपाल बङ्गलादेश बैंकले १२ प्रतिशत बोनस र तीन दशमलव पाँच प्रतिशत नगद, सिद्धार्थ बैंकले १४ दशमलव २५ बोनस र शून्य दशमलव ७५ प्रतिशत नगदसहित १५ प्रतिशत, माछापुच्छ्रे बैंकले १३ दशमलव तीन बोनस तथा शून्य दशमलव सात प्रतिशत नगदसहित १४ प्रतिशत, बैंक अफ काठमाडौंले १० प्रतिशत बोनस र चार प्रतिशत नगद गरी १४ प्रतिशत, ग्लोबल आइएमई बैंकले १० प्रतिशत बोनस तथा तीन दशमलव पाँच प्रतिशत नगदसहित १३ दशमलव पाँच प्रतिशत, स्ट्यान्डर्ड चार्टर्ड बैंकले दश प्रतिशत बोनस तथा तीन दशमलव शून्य छ प्रतिशत नगद गरी १३ दशमलव शून्य छ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेका छन्।

प्रभु बैंकको सञ्चालक समिति बैठकले आफ्ना शेयरधनीलाई १२ प्रतिशत बोनस शेयर र शून्य दशमलव ६३ प्रतिशत नगदसहित १२ दशमलव ६३ प्रतिशत लाभांश दिने भएको छ। १० प्रतिशत बोनस तथा दुई दशमलव शून्य सात नगदसहित १२ दशमलव शून्य सात प्रतिशत मेगा बैंकले आफ्ना शेयरधनीलाई दिने भएको छ भने लक्ष्मी बैंकले आठ प्रतिशत बोनस तथा तीन दशमलव पाँच नगद गरेर ११ दशमलव पाँच प्रतिशत, एभरेस्ट बैंकले छ प्रतिशत बोनस शेयर

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# तालिबानद्वारा महिला अधिकारको रक्षाका लागि निर्देशिका जारी

काबुल, १८ मङ्सिर/सिन्हवा

अफगानिस्तानमा सत्ता सञ्चालन गरिरहेको तालिबानले महिलाको अधिकारको रक्षा गर्ने जनाएको छ।



तस्वीरः सिन्हवा

तालिबानले महिला अधिकारको रक्षा गर्न नसकेको भनेर विश्वमा नै आलोचना भइरहेका बेला यस्तो प्रतिबद्धता सार्वजनिक भएको हो।

यहाँका सर्वोच्च नेताले सो अधिकारको रक्षाका लागि भन्दै निर्देशिका जारी गरेका हुन्। शुक्रवार यहाँको तालिबान सरकारका सर्वोच्च नेता हैबतुल्लाह अखुन्जादाले सो निर्देशिका जारी गरेका हुन्।

उक्त निर्देशिकामा महिलालाई स्वतन्त्रता दिइएको बताइएको छ। उनीहरूले विद्यालय जान पाउने र विवाहका क्रममा पनि महिलामाथि कुनै दबाब दिन नपाइने बताइएको छ।

त्यसैगरी, महिलालाई उनीहरूका अधिकारमा जबरजस्ती गर्न नपाइने बताइएको छ। एकल महिलाले पनि आफ्नो इच्छा बमोजिम विवाह गर्न पाउने कुरा पनि सो कानूनमा जनाइएको छ।

त्यसैगरी, कुनै पनि व्यक्तिले एकभन्दा बढी पत्नी राखेको छ भने पनि उसले इस्लामिक कानून अनुसारका अधिकार महिलालाई दिनुपर्ने कुरा पनि सो कानूनमा जारी गरिएको बताइएको छ।

अफगानिस्तानमा महिला अधिकार हनन भएका कैयौं उदाहरण रहेका छन्। अहिले तालिबान सत्तामा आएपछि पनि उनीहरूले महिला र बालबालिकालाई अधिकार नदिएको र दबाब दिएको भनी विश्वव्यापीरूपमा आलोचना भइरहेको छ। रासस

# मालीमा आतङ्कवादी हमलामा परी दर्जनौंको ज्यान गयो

बामाको, १८ मङ्सिर/सिन्हवा

मालीको मध्य क्षेत्रमा पर्ने सोंगो गारे नामको एक सानो शहरमा आतङ्कारीले हमला गरेर दर्जनौं नागरिकको ज्यान लिएका छन्।

सो क्षेत्रमा भएको हमलामा परी दर्जनौंको ज्यान गएको अधिकारीले जनाएका छन्। उनीहरूले सो क्षेत्रमा गुडिरहेको एक बसमा हमला गरेका थिए। त्यस हमलामा परेर दर्जनौं व्यक्तिको ज्यान गएको बताइएको छ तर त्यसमा परेका व्यक्ति कतिजना हुन् भन्नेबारेमा भने अझै खुलेको छैन।

अधिकारीका अनुसार अज्ञात समूहमा आएका हतियारधारी आतङ्कारीले गुडिरहेको बसमा आगो लगाइदिएका थिए। सो बसमा रहेका ३३ जना यात्रुको शरीर पूरै जलेको अवस्थामा पाइएको थियो। तीमध्ये अधिकांशको ज्यान गइसकेको बताइएको छ।


सरकारले यस विषयमा कुनै पनि जानकारी दिएको छैन। तीमध्ये प्रायः सबैको ज्यान गएको अनुमान गरिएको समाचारमा आएको छ तर यस विषयमा सरकारले केही बताएको छैन।

त्यस स्थानमा केही समयअघिदेखि नै आतङ्कारीले हिंसात्मक क्रियाकलाप गर्दै आएका थिए। यस पछिल्लो हिंसाको बारेमा कुनै आतङ्कारी समूहले पनि कुनै जानकारी दिएको छैन। सरकारी अधिकारीले ठूलो मानवीय क्षति भएको बताएका छन् तर यस विषयको यकीन तथ्याङ्क दिएका छैनन्। रासस

# भारतमा थप आठ हजार ६०३ जना कोरोना सङ्क्रमित

नयाँ दिल्ली, १८ मङ्सिर/सिन्हवा

भारतमा हिजो शुक्रवार आठ हजार ६०३ जनामा कोरोना सङ्क्रमण देखा परेपछि कोरोनाको कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ४६ लाख २४ हजार ३६० पुगेको केन्दीय स्वास्थ्य मन्त्रालयले शनिवार जानकारी दिएको छ।



शुक्रवार कोरोना सङ्क्रमणबाट ४१५ जनाको मृत्यु भएपछि कुल मृतकको सङ्ख्या चार लाख ७० हजार ५३० पुगेको छ। भारतमा अझै पनि ९९ हजार ९९४ जना सक्रिय सङ्क्रमित रहेका पनि समाचारमा जनाइएको छ।

गएको २४ घण्टामा भारतमा आठ हजार १९० जना कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै हालसम्म तीन करोड ४० लाख ५३ हजार ८५६ जना कोरोनाको सङ्क्रमणबाट निको भएका छन्। रासस

# श्रीलङ्कामा पनि देखियो ओमिक्रोन भाइरस

कोलोम्बो, १८ मङ्सिर/सिन्हवा

घातक भनिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन श्रीलङ्कामा पनि देखिएको छ। पछिल्लोपटक अफ्रिकामा भेटिएको भनिएको यस भाइरसका सङ्क्रमित श्रीलङ्कामा पनि देखिएको बताइएको हो।

श्रीलङ्काको स्वास्थ्य मन्त्रालयले सो कुराको जानकारी दिएको हो। सो मन्त्रालयका अनुसार नाइजेरियाबाट केही दिनअघि श्रीलङ्का आएका एकजना व्यक्तिमा सो भाइरस देखिएको छ।

उनलाई हाल क्वारेन्टाइनमा राखिएको छ। यहीं उनको उपचार भइरहेको बताइएको छ। उनको अवस्था भने त्यति गम्भीर नपाइएको पनि बताइएको छ।

अमेरिकाको न्यूयोर्क शहरमा पनि बिहीवार मात्र सो भाइरस भेटिएको अमेरिकाका स्वास्थ्य अधिकारीले बताएका थिए। उनीहरूले यो नयाँ भेरियन्ट गत बुधवार मात्र अमेरिकाको क्यालिफोर्नियामा पत्ता लागेको बताए।

यही नोभेम्बर २२ मा दक्षिण अफ्रिकाबाट आएका एकजना व्यक्तिमा सो भेरियन्ट देखिएको थियो।

यो भाइरस केही दिनमा नै विश्वका विभिन्न देशमा देखिसकिएको छ। अहिले यो भाइरस विश्वका ३५ भन्दा बढी देशमा भेटिइसकेको छ। रासस

# गाम्बियामा राष्ट्रपति निर्वाचनको लागि मतदान शुरू

गाम्बिया (बान्जुल), १८ मङ्सिर/एएफपी

अफ्रिकी राष्ट्र गाम्बियामा पहिलो राष्ट्रपति निर्वाचनका लागि गाम्बियालीले शनिवार मतदान गर्न शुरू गरेका छन्। पूर्वतानाशाह याह्या जाम्मेह निर्वासनमा भागेपछि यहाँ राष्ट्रपतिको लागि निर्वाचन शुरू भएको छ।

यस मतदानलाई गाम्बियामा प्रजातान्त्रिक परीक्षणाको रूपमा नजीकबाट हेरिनेछ।

यहाँ जाम्मेहले १९९४ मा रक्तहीन 'कू'द्वारा सत्ता कब्जा गरेपछि २२ वर्ष शासन गरेका थिए।

पूर्वतानाशाह जाम्मेहलाई जनवरी २०१७ मा इक्वेटोरियल गिनीमा निर्वासनमा जान बाध्य पारिएको थियो। जाम्मेहलाई तत्कालीन आफन्त ब्यारो आदामाले मतदानमा पराजित गरेका थिए।

५६ वर्षीय राष्ट्रपति ब्यारो अहिले पुनः चुनाव लडिरहेका छन्। उनीसँगै पाँचजना अन्य उम्मेदवारले पनि चुनावको सामना गर्दैछन्।



तस्वीरः एएफपी

मतदान स्थानीय समय अनुसार बिहान ८ बजे शुरू भएको जनाइएको छ। राजधानी बान्जुलमा रहेका मतदान केन्द्रमा बिहानैदेखि लामो लाइन रहेको जनाइएको छ।

बान्जुल छेउछाउका बजारमा करीब ५०० जना मानिस घण्टौं पर्खाइमा लाइनमा बसेको जनाइएको छ। रासस

# नेकपा माओवादी ठोरीको अध्यक्षमा लामा

प्रस, ठोरी, १८ मङ्सिर/


तस्वीरः प्रतीक

नेकपा माओवादी केन्द्र, ठोरीको अध्यक्षमा नीमा लामा चयन भएका छन्। पहिलो अधिवेशनको बन्दसत्रबाट लामा सर्वसम्मत अध्यक्ष चयन भएका हुन्।

मङ्सिर ११ गते अधिवेशनको खुला सत्र सम्पन्न गरेको माओवादी केन्द्रले सर्वसम्मत नेतृत्व चयनका लागि शुक्रवार बन्दसत्र सम्पन्न गरेको थियो। हिजो सम्पन्न अधिवेशनबाट वरिष्ठ उपाध्यक्ष रामप्रकाश कुँवर, महिला उपाध्यक्ष धना पण्डित र उपाध्यक्ष रतन पौडेल सर्वसम्मत निर्वाचित भएका हुन्।

यसैगरी, ५५ सदस्यीय पार्टीको गाउँपालिका कमिटी सचिवमा बलबहादुर श्रेष्ठ, सहसचिव भक्तबहादुर सुनार (रोशन) र कोषाध्यक्ष मनलाल दोङ सर्वसम्मत निर्वाचित भएको अध्यक्ष लामाले बताए।

**पोखरियामा नगर सम्मेलन**

प्रस, पोखरिया/

पोखरियामा नेकपा माओवादी केन्द्रको नगर सम्मेलन सम्पन्न भएको छ।

भेलाले पारस साह तेलीको अध्यक्षतामा ७५ सदस्यीय नगर कमिटी गठन गरेको छ।

यसअघि भेलाको उद्घाटन जगरनाथपुर गापाका अध्यक्ष एवं माओवादी केन्द्रका केन्द्रीय सदस्य जालिम मियाँले उद्घाटन गरेका थिए।



तस्वीरः प्रतीक

उद्घाटन सत्रमा प्रदेश सदस्य रामबाबू बैठा, पारस साह, रामवचन महतो, हरेन्द्र चौहान, पिन्टु रौनियारलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण ओमप्रकाश गुप्ताले गरेका थिए।

# 'जवाद' चक्रवातको नेपालमा सामान्य असर

काठमाडौं, १८ मङ्सिर/रासस

बङ्गालको खाडीको मध्यपश्चिम भूभागमा गएराति विकसित भएको 'जवाद' नामक सामुद्रिक चक्रवातले मौसम बदली र वर्षा गराएको छ। सो चक्रवात शनिवार बिहान भारतको उडिसाको तटीय क्षेत्रमा पुगेको र तत्पश्चात् उत्तरपूर्वतर्फ सर्ने क्रममा रहेको छ।




यसका कारण नेपालमा खासै ठूलो प्रभाव पर्ने सम्भावना नरहे तापनि यसको अप्रत्यक्ष प्रभाव रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। आज रातिबाट प्रदेश नं १, प्रदेश नं २ र वाग्मती प्रदेशमा आंशिकदेखि सामान्य बदली भई सो प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ भने सो प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। आगामी सोमवारबाट क्रमशः यो प्रणालीको प्रभाव नेपालमा कम हुँदै जाने पनि महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार आइतवारबाट पुनः अर्को पश्चिमी न्यून चापीय प्रणालीको प्रभाव देशमा पर्न सक्ने सम्भावना देखिएको छ। सो पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले आइतवार देशको सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशमा सामान्यदेखि पूर्णतया बदली भई केही स्थानमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ। ती प्रदेशहरूको उच्च पहाडी तथा हिमाली भूभागहरूमा हल्कादेखि मध्यम हिमपातको सम्भावना पनि रहेको छ।

**पर्वतारोहण र हवाई उडान प्रभावित हुन सक्ने**

सोमवार सो प्रणालीले देशभर प्रभाव पारी केही स्थानमा हल्कादेखि मध्यम वर्षा र उच्च पहाडी तथा हिमाली भूभागमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ। आइतवार राति र सोमवार दिउँसो उक्त मौसमी प्रणालीका कारण सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका एक/दुई स्थानमा भारी हिमपातको सम्भावना रहेको छ। सो प्रणाली सोमवार रातिबाट कमजोर बन्दै जाने सम्भावना रहेको छ। यी मौसमी प्रणालीका कारण पर्वतारोहण, हवाई यातायातलगायत दैनिक जनजीवनमा असर पर्न सक्ने देखिएकोले चीसोबाट बच्न र हिमपातबाट हुन सक्ने प्रभावबाट जोगिन आवश्यक सतर्कता अपनाउन महाशाखाले सबैमा अनुरोध गरेको छ।

महाशाखाले माथि उल्लिखित दुवै प्रणालीलाई निरन्तर अनुगमन गरिरहेको र आवश्यकता अनुसार विशेष बुलेटिन जारी गर्ने जनाएको छ। महाशाखाबाट

(बाँकी अन्तिम पातामा)

## २३ बैंकले.....

र चार दशमलव ३२ प्रतिशत नगद, कुमारी बैंकले छ प्रतिशत बोनस तथा दुई दशमलव ६७ प्रतिशत नगद, नेपाल क्रेडिट एन्ड कमर्स बैंक (एनसिसी)ले आठ प्रतिशत बोनस शेयर र शून्य दशमलव ४२ प्रतिशत नगद र सनराइज बैंकले छ दशमलव ६५ प्रतिशत बोनस शेयर र शून्य दशमलव ३५ प्रतिशत नगदसहित सात प्रतिशत लाभांश वितरण गर्ने बताएको छ।

अब शेयरधनीलाई लाभांश वितरणको घोषणा गर्न बाँकी रहेका बैंकमा सेन्चुरी बैंक, सिभिल बैंक र कृषि विकास बैंक छन्। घोषणा भएका लाभांश नियामकको अनुमति र साधारणसभाबाट पारित भएपछि मात्रै शेयरधनीले प्राप्त गर्छन्। लाभांश घोषणा गरेकामध्ये १४ बैंकले साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द (बूक क्लोज)को समय तोकेकामा ११ बैंकको बूक क्लोज भइसकेको छ। बूक क्लोजको दिनसम्म कायम शेयरधनीले साधारणसभामा भाग लिन र लाभांश पाउन योग्य हुन्छन्।

घोषित लाभांशमध्ये नगद लगानीकर्ताले उपलब्ध गराएको बैंक खातामा र बोनस शेयर डिम्याट खातामा सोझै जम्मा हुने व्यवस्था छ।

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

सरसफाईमा ध्यान दिउँ
बिरामी हुनबाट बाँचौं

वीरगंज महानगरपालिका

**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | अस्वस्थता | वृष | रोगभय |
| मिथुन | यात्रालाभ | कर्कट | अलमल |
| सिंह | सुसमाचार | कन्या | उदरपीडा |
| तुला | विजय | वृश्चिक | कान्तिक्षय |
| धनु | भाग्योदय | मकर | बेचैनी |
| कुम्भ | मनोरञ्जन | मीन | कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# बारामा समाजवादी प्रेस सङ्गठन नेपाल गठन

प्रस, निजगढ, १८ मङ्सिर/
समाजवादी प्रेस सङ्गठन नेपालको प्रथम बारा जिल्ला भेला शनिवार कलैयामा सम्पन्न भएको छ। भेलाले अजय साहको अध्यक्षतामा कमिटी गठन गरेको छ। कमिटीको उपाध्यक्ष शारदा पोखरेल, सचिव नरेश गुप्ता, सहसचिव धीरेन्द्र तिवारी, कोषाध्यक्ष सावित्री शर्मालगायत २५ सदस्य रहेका छन्।

भेलाको उद्घाटन नेकपा एकीकृत समाजवादीका नेता पूर्वमन्त्री मुकुन्द न्यौपानेले गरेका थिए। उनले प्रेसजगत् राष्ट्रको चौथो अङ्ग भएको तर पछिल्लो समय आचारसंहिता अनुरूप अघि बढ्न नसकेको आरोप लगाए। उनले यही कारण अहिले समाचारहरूको विश्वनीयता घट्दै गइरहेको बताए।

कार्यक्रममा पार्टीका पोलिटब्यूरो सदस्य दिनेश राई, केन्द्रीय सदस्य चमिना भट्टराई, विभा कार्की, छविलाल उप्रेती, प्रदेश नं २ का सांसद एवं नेकपा एकीकृत समाजवादी बारा जिल्ला कमिटी अध्यक्ष सुन्दर विक, प्रदेश नं २ का सांसद सीता गुरुङ, समाजवादी प्रेस सङ्गठन नेपालका केन्द्रीय सदस्य रमेश सुवेदी, पार्टीका जिल्ला सदस्य ध्रुव यादव, रवीन्द्र साहलगायतको सहभागिता थियो। भेला समाजवादी प्रेस सङ्गठन नेपालका केन्द्रीय सदस्य जीतलाल श्रेष्ठको अध्यक्षतामा भएको थियो।



कार्यक्रमका प्रमुख अतिथि नेकपा एकीकृत समाजवादीका नेता एवं पूर्व श्रममन्त्री मुकुन्द न्यौपानेलगायत। तस्वीरः प्रतीक

# कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको सङ्क्रमण रोक्न सीमा क्षेत्रमा सतर्कता

काठमाडौं, १८ मङ्सिर/रासस
कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन अफ्रिकी मुलुकसहित भारतमा देखा परेपछि पश्चिमी सीमानाका गड्डाचौकीमा सतर्कता अपनाउन थालिएको छ।

सीमानाका भएर आउने यात्रुमध्ये कोरोनाका शङ्कास्पद बिरामीको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरी नतीजा पोजेटिभ आए नमूना पुनः परीक्षणका लागि केन्द्रीय प्रयोगशालामा पठाउने व्यवस्था गरिएको छ। "सीमानाकाबाट भित्रिने यात्रुको एन्टिजेन विधिबाट गरिएको कोरोना परीक्षणमा नतीजा पोजेटिभ आए उपचार र परीक्षणका लागि अस्पताल पठाउँदै आएका थियौं," जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका प्रमुख शिवराज सुनारले भने, "कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन भारतलगायतका मुलुकमा देखा परेपछि नमूना परीक्षण गर्न केन्द्रीय प्रयोगशालामा पठाइने गरिएको छ।"



कोरोनाको नयाँ भेरियन्ट फैलिन नदिनका लागि सीमा क्षेत्रमा सावधानी र सतर्कता अपनाइएको उनले बताए। जोखिमलाई कम गर्न भारतबाट आउने यात्रुको पिसिआर रिपोर्टसँगै कोरोनाविरुद्धको खोप लगाइएको कार्डसमेत हेर्ने गरिएको छ।

**'जवाद' चक्रवात....**
दैनिक जारी हुने तीन दिने मौसम पूर्वानुमान बुलेटिनमा सोही अनुसार नियमितरूपमा अद्यावधिक गरिने भन्दै अद्यावधिक मौसमी सूचनाको जानकारी लिन अनुरोध गरेको छ। महाशाखाले हिउँदे मौसम अद्यावधिकसम्बन्धी आज विशेष बुलेटिन निकालेर विशेष सतर्कता अपनाउन अनुरोध गरेको हो। आज काठमाडौं उपत्यकामा बिहान बाक्लो कुहिरो लागेको थियो, जसका कारण बढी चीसो महसूस गरिएको छ। बाक्लो हुस्सुका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक र अन्तर्राष्ट्रिय उडान सामान्य प्रभावित भए।


विवाह गर्न नगरौं हतार, जरुरी छ शिक्षा र संस्कार बीस वर्ष पुगेपछि मात्र विवाह गरौं र गराऔं, उमेर पुग्नुअघिको विवाह सामाजिक र कानूनी अपराध हो। त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड







निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com


# खेलकूदको संसार

## तेस्रो मेयर कप टी-२० क्रिकेट प्रतियोगिता उपाधि कालिकामाईको पोल्टामा

प्रस, पोखरिया, १८ मङ्सिर/
पोखरिया नगरपालिकामा सञ्चालित तेस्रो मेयर कप टी–२० क्रिकेट प्रतियोगिताको उपाधि कालिकामाई गापाले जितेको छ।

आयोजक पोखरिया नगरपालिकालाई पराजित गर्दै कालिकामाई गापा विजयी भएको हो।

पोखरिया नगरपालिका–७ स्थित शेरा फिल्डमा भएको प्रतियोगिताको फाइनल खेलमा पोखरियाले टस जितेर निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा ११३ रन बनाएको थियो।


तस्वीरः प्रतीक

११४ रनको लक्ष्य लिएको कालिकामाईले १८ ओभरमा सात विकेटको क्षतिमा लक्ष्य पूरा गर्दै विजय हासिल गरेको हो।

कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य प्रह्लाद गिरीले विजेता कालिकामाईलाई एक लाख ५१ हजार र उपविजेता पोखरियालाई ८१ हजार रुपैयाँको चेक र ट्रफी प्रदान गरेका थिए।

पोखरिया युवा समाजका भगवान दास तत्वाको अध्यक्षतामा भएको पुरस्कार वितरण कार्यक्रममा प्रदेशसभा सदस्य गिरीले विजेता टीम कालिकामाईका कप्तान जावेद अख्तरलाई र उपविजेता टीम पोखरियाका कप्तान सियानन्द चौहानलाई पुरस्कार राशिको चेक र ट्रफी हस्तान्तरण गरेका थिए।

कार्यक्रममा लोसपाका नेता नेजामुद्दीन समानी, पोखरिया युवा समाजका उपाध्यक्ष दिनेश मिश्रलगायतको सहभागिता थियो।

फाइनल खेलमा 'म्यान अफ दी म्याच' कालिकामाईका निमेश पटेल घोषित भए। उनले १८ बलमा सातवटा छक्का र चारवटा चौकाको सहयोगले ५५ रन बनाएका थिए। प्रतियोगिताको उत्कृष्ट ब्याट्सम्यान र 'म्यान अफ दी सिरिज' पोखरियाका विकास दास घोषित भए।

## क्रिकेट टीमलाई सामग्री वितरण

प्रस, वीरगंज, १८ मङ्सिर/
वीरगंज महानगरपालिका–१९ बर्वाका चारवटा टीमलाई प्रदेशसभा सदस्य रमेशप्रसाद कुर्मीले संसदीय कोषबाट पोशाक, क्रिकेट सामग्री सहयोग गरेका छन्।


तस्वीरः प्रतीक

प्रदेश २ बाट छनोट भएका टीम अम्बे च्याम्पियन क्रिकेट क्लब, बर्वा क्रिकेट क्लबलगायत चारवटा टीमलाई पोशाक र खेलकूद सामग्री हस्तान्तरण गरेको प्रदेशसभा सदस्य कुर्मीका स्वकीय सचिव शेख फिरोजले बताए। कार्यक्रममा नेता रामचन्द्र पडित, वीरेन्द्र साह, शेख फिरोज, भुवन यादव, क्रिकेट टीमका कप्तानहरू रमेश यादव, विवेक यादवलगायतको सहभागिता थियो।

## ग्रासरूट फूटबल : ब्राइटर र नेरामावि सिमराको जीत

प्रस, जीतपुर, १८ मङ्सिर/
सिमरामा जारी अन्तरविद्यालय फूटबल प्रतियोगितामा शनिवार ब्राइटर एकेडेमी, सिमरा र नेपाल राष्ट्रिय मावि, सिमरा विजयी भएको छ।

सिमरा रङ्गशालामा शनिवार दिउँसो भएको पहिलो खेलमा जीतपुरसिमरा–१ पथलैयाको होली गार्डेन इङ्ग्लिश स्कूललाई शून्यका विरुद्ध एक गोलअन्तरले पराजित गर्दै ब्राइटर विजयी भएको हो।

प्रतिस्पर्धात्मक खेलमा जीतका लागि ब्राइटरका जयराम महतोले खेलको ५८औं मिनेटमा गरेको गोल निर्णायक बन्यो।




महतो खेलको 'म्यान अफ दी म्याच' घोषित भए।

दोस्रो खेलमा नेपाल राष्ट्रिय मावि, पथलैयालाई एकका विरुद्ध तीन गोलअन्तरले हराउँदै नेपाल राष्ट्रिय मावि, सिमरा विजयी भयो।

सिमराको जीतका लागि साहिल मोक्तानले दुई र किसन यादवले एक गोल गरेका थिए।

मोक्तान यस खेलको 'म्यान अफ दी म्याच' घोषित भए। पथलैयाका लागि रिजन लामाले ४३औं मिनेटमा एक गोल गरेका थिए।

ग्रासरूट फाउन्डेशनको आयोजनामा जारी प्रतियोगिता अन्तर्गत भोलि आइतवार पनि दुई खेल हुनेछ। पहिलो खेलमा सेन्ट पिटर्स एकेडेमी र सिमरा पब्लिक इङ्ग्लिश स्कूल खेल्नेछन् भने दोस्रो खेलमा पाथिभरा बोर्डिङ स्कूल र नोबेल एकेडेमी खेल्ने खेल संयोजक सोनु क्षेत्रीले बताए।